रसुवा बाढीको अध्ययन गर्न संसदीय विशेष समिति

तीन महिना समय पाएको समितिले प्रभावित नागरिकको पुनर्स्थापना, दिगो पुनर्निर्माण, भविष्यको जोखिम न्यूनीकरण, आवश्यक कानुनी तथा संस्थागत सुधार र जलवायु न्यायका लागि राज्यले अवलम्बन गर्नुपर्ने कार्यदिशा सिफारिस गर्ने

नयाँ पत्रिका

प्रतिनिधिसभाले हिमालमा जलवायु परिवर्तनको प्रभाव, जलवायु न्याय तथा भोटेकोशी-त्रिशूली बाढीसम्बन्धी अध्ययन गर्न सोमबार संसदीय विशेष समिति गठन गरेको छ।

सभामुख डोलप्रसाद अर्यालको प्रस्तावअनुसार रास्वपा संसदीय दलका उपनेता गणेश पराजुलीको संयोजकत्वमा १५ सदस्यीय विशेष समिति गठन भएको हो।

समितिमा सांसदहरू अच्युतम लामिछाने, अनुष्का श्रेष्ठ, गंगादेवी श्रेष्ठ, धनञ्जय रेग्मी, ध्रुवराज राई, निशा डाँगी, पुष्पराज कँडेल, मोहन आचार्य, मिङ्मा ग्याबु शेर्पा, रमेशकुमार मल्ल, रवीन्द्र पटेल, सरस्वती लामा, सुजाता तामाङ र सीता थपलिया छन्।

पहिलो बैठक बसेको मितिले विशेष समितिको म्याद तीन महिना हुनेछ। हिमाली क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव, हिमनदी तथा हिमतालको अवस्था, हिमाली जलाधारमा हुने परिवर्तन र तल्लो तटीय क्षेत्रको सुरक्षाबिचको सम्बन्ध यस विपत्को अध्ययनसँगै गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्ने विषय भएको सभामुखको प्रस्तावमा उल्लेख छ। विशेष समितिले हिमालमा जलवायु परिवर्तनको प्रभाव तथा भोटेकोशी-त्रिशूली विपत्को अध्ययन गरी प्रभावित नागरिकको पुनर्स्थापना, दिगो पुनर्निर्माण, भविष्यको जोखिम न्यूनीकरण, आवश्यक कानुनी तथा संस्थागत सुधार र जलवायु न्यायका लागि राज्यले अवलम्बन गर्नुपर्ने कार्यदिशा सिफारिस गर्नेछ।

विशेष समितिले हिमालमा जलवायु परिवर्तनको प्रभावको अध्ययन गर्ने, हिमाली तापक्रम, हिमपात, हिमनदी, हिमताल तथा जलाधारमा भइरहेको परिवर्तन र त्यसबाट उत्पन्न जोखिमसम्बन्धी उपलब्ध अध्ययन तथा तथ्यांकको समीक्षा गर्नेछ। अध्ययन तथा निगरानीमा रहेका कमी पहिचान गरी वैज्ञानिक अनुसन्धान र नियमित अनुगमन सुदृढ गर्ने उपाय सिफारिस गर्नेछ।

विशेष समितिले भोटेकोशी-त्रिशूली विपत्को कारण तथा प्रभावको अध्ययन गर्नेछ। विपत्को उत्पत्ति, घटनाक्रम, तत्काल कारण र जोखिम तीव्र बनाउने कारकबारे विज्ञ तथा वैज्ञानिक प्रमाणमा आधारित अध्ययन गर्नेछ। जलवायु परिवर्तनसँगको सम्भावित सम्बन्ध, सीमापार जलाधारको प्रभाव तथा तल्लो तटीय क्षेत्रमा परेको असरको समीक्षा पनि समितिले गर्नेछ। विशेष समितिले खोज, उद्धार, राहत तथा पुनर्स्थापनाको समीक्षा गर्नेछ। प्रभावित नागरिकका आवश्यकताका आधारमा तत्काल तथा मध्यमकालीन सुधारका उपाय सिफारिस गर्नेछ।

यसैगरी, विशेष समितिले दिगो तथा सुरक्षित पुनर्निर्माणको मार्गचित्र दिनेछ। क्षतिग्रस्त आवास, सडक, पुल, ऊर्जा, खानेपानी, सिँचाइ तथा सार्वजनिक पूर्वाधारको पुनर्निर्माणका लागि जोखिम मूल्यांकन, सुरक्षित स्थान छनोट, प्राविधिक मापदण्ड, प्राथमिकता, वित्तीय स्रोत र समयसीमासहितको मार्गचित्र सिफारिस गर्नेछ। विशेष समितिले कार्यान्वयनको गुणस्तर, पारदर्शिता तथा प्रगतिको अनुगमन पनि गर्नेछ।

विशेष समितिले विपत् जोखिम न्यूनीकरण तथा पूर्वचेतावनी प्रणालीको पनि अध्ययन गर्नेछ। बहुप्रकोप जोखिम नक्सांकन, सुरक्षित बस्ती विकास, संवेदनशील पूर्वाधारको संरक्षण र समुदायको पूर्वतयारीका उपाय सिफारिस गर्नेछ।

राहदानी हरायो

मिति २०८३/३/२० गते काँडाघारीबाट चावहिलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरीचौकी अथवा निम्न ठेगानामा खबर गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु।

नाम : **विष्णु बहादुर बस्नेत**
ठेगाना : उमाकुण्ड गा.पा.-३, रामेछाप
राहदानी नं. : २९१४९२३
सम्पर्क : ९८५१२४९०२७

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, अमरगढी शाखाको ७ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०६/०६ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८२ माघ महिना ०५ गतेको 'नयाँ पत्रिका' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकाले **मिति २०८३ साल वैशाख महिना ४ गतेको 'नयाँ पत्रिका' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** प्रकाशित र **मिति २०८३ साल जेष्ठ महिना ७ गतेको 'नयाँ पत्रिका' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **१५ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा अन्य शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पुर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

ऋणीको नाम र ठेगाना :

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, डडेल्धुरा प्रा.फ.नं. २९/१३०५/०७४/०७५ कायम भई मिति २०७४/०४/३१ मा दर्ता भएको डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ स्थित **रूपाली सप्लायर्स (प्रोप्राइटर - दिपेन्द्र रूपाली)...१**

व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :

नर बहादुर खडायतको छोरी, भिम बहादुर रूपालीको श्रीमती, डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ११ बस्ने **गौरी देवी रूपाली...१**

धन बहादुर रूपालीको नाती, हरि लाल रूपालीको छोरा, डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ११ बस्ने **भिम बहादुर रूपाली...१**

हरि लाल रूपालीको नाती, भिम बहादुर रूपालीको छोरा, डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ११ बस्ने **दिपेन्द्र रूपाली...१**

वीर बहादुर देउवाको छोरी, दिपेन्द्र रूपालीको श्रीमती, डडेल्धुरा जिल्ला, मष्टामाण्डौं गा.वि.स. वडा नं. ४ बस्ने **जेनिशा देउवा...१**

धितो सुरक्षणको विवरण :

गौरी देवी रूपालीको नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता श्रेस्ता कायम रहेको डडेल्धुरा जिल्ला, खलंगा गा.वि.स./न.पा. वडा नं. ८ (नक्सा सिट नं. ८च) को क्रमशः कित्ता नं. ४७४, ४७८, ३२९ र ४७६ को क्रमशः ०-०-०-३, १-०-१-०, ०-०-१-० र ०-०-२-० (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा अन्य शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा अमरगढी शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **मिति २०८३ साल आश्विन महिना १२ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८३ साल आश्विन महिना १४ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैंक
www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोन: ९७७-१-५९७००३३, फ्याक्स: ९७७-१-४५२९६९, ईमेल: sanima@sanimabank.com

पुनर्गठन र नेतृत्व...

पृष्ठ १ बाट क्रमशः

र सरकार सञ्चालनका ताजा घटनाक्रम देखाउँदै एमालेको नेतृत्वमा लोकतन्त्रका लागि निर्णायक आन्दोलन र आगामी निर्वाचनको तयारीमा जुट्ने प्रस्ताव अघि सारेका छन्। ओलीले आन्दोलन अराजक हुन सक्नेसमेत जनाउ दिएका छन्।

ललितपुरमा सोमबारबाट सुरु केन्द्रीय कमिटी बैठकमा ६७ पृष्ठको प्रतिवेदन प्रस्तुत गर्दै ओलीले पार्टीका तत्कालका प्रमुख दुई कार्यभारका रूपमा संविधान र लोकतान्त्रिक प्रणालीको रक्षा तथा आगामी निर्वाचन तयारीलाई अगाडि सारेका छन्। त्यसका लागि उनले पार्टीभित्र सुदृढ एकता निर्माण, लोकतान्त्रिक संस्थाको रक्षा, जनतामाझ पार्टीको धारणा पुर्‍याउने अभियान र संगठनलाई निर्वाचनकेन्द्रित बनाउने प्रस्ताव गरेका छन्।

'संसद्, न्यायपालिका, संवैधानिक निकाय, प्रेस, नागरिक स्वतन्त्रता, ट्रेड युनियन, विद्यार्थी संगठन र संघीय संरचनासहित लोकतान्त्रिक संस्थाको रक्षा एमालेको प्रमुख जिम्मेवारी हुनेछ। संवैधानिक प्रक्रियाको पुनर्स्थापना र विधिको शासनका पक्षमा आवश्यक राजनीतिक तथा कानुनी संघर्ष जारी राख्नुपर्छ,' ओलीले भनेका छन्, 'लोकतन्त्रको पुनर्स्थापनाका लागि हामी निर्णायक आन्दोलनका निम्ति तयार रहनुपर्छ। त्यसका लागि पहिलो आवश्यकता पार्टीभित्र सुदृढ आन्तरिक एकता निर्माण गर्नु हो। न्याय सहज ढंगले प्राप्त हुन नसके जनबलका आधारमा न्याय स्थापना गर्न तयार रहनुपर्छ। साथै, यस राष्ट्रिय उद्देश्यमा सहमत हुन सक्ने सबै शक्ति, समूह र व्यक्तिसँग सहकार्य गर्दै आन्दोलनलाई अगाडि बढाउनुपर्छ। पहिलो र सबैभन्दा महत्त्वपूर्ण कार्यभार यही हो र एमालेले यही स्पष्ट राजनीतिक दृष्टिकोणका साथ अगाडि बढ्नुपर्छ।'

ओलीले गत वर्षको २३ र २४ भदौमा 'राष्ट्रिय स्वाधीनताविरुद्ध रचिएका अराजनीतिक तथा आपराधिक वितण्डादेखि असंवैधानिक र संविधानविपरीत प्रधानमन्त्री नियुक्ति, अवैध सिफारिसका आधारमा प्रतिनिधिसभाको विघटन र त्यसपछिका घटनाक्रमहरू एउटै उद्देश्यको निरन्तर शृंखला,' रहेको दाबी गरेका छन्। लोकतन्त्र, संविधान, विधिको शासन र जनतामा निहित सार्वभौमसत्ताजस्ता आधारभूत मान्यतासँग जोडिएको प्रतिनिधिसभाको विघटनविरुद्धको मुद्दामा भइरहेको न्यायिक विलम्ब आश्चर्यजनक र विचलित पार्ने खालको रहेको ओलीको टिप्पणी छ।

यसैसँग जोडेर ओलीले पार्टीको दोस्रो कार्यभारबारे भनेका छन्, 'स्थानीय तहको निर्वाचनसहित आगामी सबै निर्वाचनका लागि पार्टी अहिलेदेखि नै योजनाबद्ध तयारीमा लाग्नुपर्छ। विगतको पराजयको गम्भीर समीक्षा गर्दै प्रत्येक निर्वाचन क्षेत्र, पालिका र वडासम्म वास्तविक सांगठनिक अवस्थाको मूल्यांकन गर्नुपर्छ। त्यसका आधारमा जितको सुनिश्चितताका लागि सबै प्रकारको तयारी गर्नु अहिलेको दोस्रो कार्यभार हो।'

यी दुई कार्यभार पूरा गर्न पार्टीका प्रमुख कामका रूपमा ओलीले १५ विषय अगाडि सारेका छन्। जसमा पहिलो- सत्य जनतासम्म पुर्‍याउने, दोस्रो- जनहितकेन्द्रित प्रतिपक्ष, तेस्रो- डिजिटल पुनर्निर्माण, चौथो- परिणाममुखी संगठन, पाँचौँ- युवा नेतृत्वको वास्तविक निर्माण, छैटौँ- महिला नेतृत्व र सामाजिक प्रतिनिधित्व, सातौँ- खुला संवाद र अनुशासनको सन्तुलन, आठौँ- वैकल्पिक शासन-खाका, नवौँ- जनसेवामूलक पार्टी, १०औँ- ज्ञानमा आधारित पार्टी, ११औँ- नैतिक पुनर्निर्माण, १२औँ- स्थानीय मुद्दाकेन्द्रित स्थानीय संगठन, १३औँ- प्रवासी नेपालीसँग नयाँ सम्बन्ध, १४औँ- राष्ट्रिय स्वाधीनता र सन्तुलित कूटनीति र १५औँ- परिवर्तनकारी पार्टी निर्माणका प्रश्न छन्।

ओलीले निर्वाचनमा पार्टीले व्यहोरेको पराजयको नैतिक जिम्मेवारी आफूले स्वीकार गरे पनि त्यसलाई नेतृत्व हस्तान्तरण वा पार्टी पुनर्गठनका नाममा नेतृत्व छाड्ने आधार मान्न अस्वीकार गरेका छन्। पार्टीभित्र उठेका प्रश्नको सामना गर्दै संगठन सुदृढ बनाउने, जनतामाझ फर्किने र युवाको असन्तुष्टि सम्बोधन गर्ने वेला आएको भन्दै उनले संकटका समयमा नेतृत्वले मैदान छाड्न नहुने तर्क गरेका छन्। भदौको जेन-जी आन्दोलनदेखि निर्वाचन पराजयसम्मका घटनाले पार्टीलाई गम्भीर चोट पुगेको स्वीकार गरेका ओलीले दुःखमा नअल्झिई त्यसलाई शक्ति र सक्रियतामा बदल्नुपर्ने उल्लेख गरेका छन्।

'पार्टी अध्यक्षको हैसियतले निर्वाचन परिणामप्रतिको मेरो नैतिक जिम्मेवारी म स्वीकार गर्छु। तर, जिम्मेवारी स्वीकार गर्नु र मैदान छोड्नु एउटै कुरा होइन। बिरामी देखेर चिकित्सकले अस्पताल छोड्दैन। बालीमा रोग देखेर किसानले खेत छोड्दैन। त्यसरी नै संकटका वेला नेतृत्वले संगठनलाई अनिश्चिततामा छोड्नुहुँदैन। नेतृत्वको धर्म कमजोरी खोज्नु र सच्याउनु, सत्यको सामना गर्नु, कार्यकर्ताको मनोबल उठाउनु, जनताको घरमा फर्कनु र भविष्यको बाटो निर्माण गर्नु हो,' ओलीले प्रतिवेदनमा लेखेका छन्।

साथै, ओलीले निर्वाचन पराजयमा अरू नेताको जवाफदेहिता खोज्दै प्रश्न उठाएका छन्, 'जनताको मनसम्म हाम्रो कुरा किन पुग्न सकेन ? हामीले गरेका काम जनताको स्मृतिमा किन टिकाउन सकेनौँ ? शासनमा रहँदा जनताको दैनिक जीवनमा सकारात्मक परिवर्तन भएको अनुभूति पर्याप्त रूपमा किन दिन सकेनौँ ? युवाको बेचैनीलाई हामीले सुनेका छौँ भन्ने विश्वास किन दिलाउन सकेनौँ ? संगठनका कतिपय तह किन सुस्त भए ? डिजिटल युगमा हाम्रो आवाज किन कमजोर भयो ? यी प्रश्नहरूबाट हामी भाग्न मिल्दैन।'

निर्वाचनमा पराजयपछि संकटका वेला नेतृत्वले जिम्मेवारीबाट भाग्ने नभएर संक्रमणको नेतृत्व गर्नुपर्ने ओलीको जिकिर छ। ओलीले पदमा कायम रहने सन्देश दिँदै प्रस्ट रूपमा लेखेका छन्, 'निर्वाचनमा पराजयपछि परिस्थिति र परिणामको समीक्षा गर्नुपर्छ भन्ने आवाज उठ्नु स्वाभाविक हो। त्यसलाई म अस्वीकार गर्दिनँ। नैतिक जिम्मेवारी स्वीकार गर्नु भनेको संकटको बिचमा संगठनलाई नेतृत्वविहीन बनाउनु होइन। जिम्मवारीको अर्थ समस्या पहिचान गरेर समाधानको नेतृत्व गर्नु पनि हो। म पदको निजी प्रतिष्ठाका लागि उभिएको होइन। पार्टीको मनोबल, संगठनात्मक स्थिरता र सुरक्षित राजनीतिक संक्रमणका लागि उभिएको हुँ।'

ओलीले निर्वाचन हारमा बाह्य घेराबन्दी र प्रहारसँगै आन्तरिक कमजोरीलाई पनि कारण मानेका छन्। 'हामीमाथि बाह्य प्रहार र घेराबन्दी थियो। राजनीतिक प्रतिस्पर्धी, विभिन्न स्वार्थ समूह, डिजिटल अभियान, एकपक्षीय सूचना प्रवाह र एमालेविरोधी भावनात्मक कथा सक्रिय थिए। पुराना दल समस्या हुन्, पुरानो नेतृत्व भ्रष्टाचारको पर्याय हो र एमाले त्यसको मुख्य प्रतिनिधि हो भन्ने उग्र मनोविज्ञान निर्माण गर्ने प्रयास भयो,' बाह्य कारणबारे ओलीले लेखेका छन्।

तर, बाह्य कारण देखाएर मात्रै आफ्नो जिम्मेवारीबाट मुक्त हुन नसकिने भन्दै ओलीले आन्तरिक कमजोरी पनि औँल्लाएका छन्। 'संगठन विस्तार भयो, तर त्यसअनुसार शुद्धीकरण, सुदृढीकरण र सक्रियता भएन। कतिपय कमिटी औपचारिक संरचनामा सीमित भए। बैठक भए, तर जनताको समस्या समाधान गर्ने क्षमता कमजोर रह्यो। जनतासँग हाम्रो प्रत्यक्ष संवाद घट्यो। कार्यकर्ता र नेतृत्वबिच सूचना प्रवाह पर्याप्त भएन। जनताको दैनिक जीवनसँग पार्टीको सम्बन्ध कमजोर भएको अनुभूति बढ्यो,' ओलीले आन्तरिक कमजोरी उजागर गरेका छन्, 'हाम्रो सञ्चार प्रणाली डिजिटल युगअनुकूल पर्याप्त र छरितो हुन सकेन। झुट केही मिनेटमै फैलियो, हाम्रो तथ्यपूर्ण जवाफ ढिलो पुग्यो। सरकारमा रहँदा गरेका कामको प्रभावकारी राजनीतिक सञ्चार गर्न सकेनौँ। कतिपय अवस्थामा उम्मेदवार छनोट, स्थानीय असन्तोष, अन्तर्विरोध र अन्तर्घात एवं सांगठनिक थकान पनि परिणाममा जोडिए।'

त्यसपछि जिम्मेवारी स्वीकार गर्दै ओलीले लेखेका छन्, 'अध्यक्षका रूपमा मेरो भागको जिम्मेवारी म स्वीकार गर्छु। तर, यो भाग्ने समय होइन। जनताको पीडा सुन्ने, जनतासँग नयाँ सम्बन्ध बनाउने, संगठन जगाउने, सञ्चार प्रणाली बदल्ने र पार्टीभित्रको असन्तोष सुधारको ऊर्जामा बदल्ने समय हो।'

उनले अहिले उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेलसहितको समूहले अध्यक्षलाई विस्थापित गर्ने बेमौसमी बाजा बजाएको टिप्पणी गरेका छन्। 'यो जिद्धीको प्रश्न होइन। पार्टीको पुनर्निर्माण र संक्रमणलाई संस्थागत बनाउने जिम्मेवारीको प्रश्न हो। तर, यति वेला केही व्यक्तिहरूले अध्यक्ष विस्थापित गर्ने मनसाय र प्रयासका बेमौसमी बाजा बजाइरहेको पाइएको छ र त्यसका लागि पुनर्गठनको नारा उछालिएको छ,' कसैको नाम नलिई ओलीले भनेका छन्।

युवामा नेतृत्व हस्तान्तरणको सवाल उल्लेख गर्दै ओलीले भनेका छन्, 'युवालाई वास्तविक जिम्मेवारीमा ल्याउने सुरक्षित र वास्तविक बाटो बनाउन चाहन्छु। अनुभवलाई अपमान गरेर होइन, अनुभव र नयाँ ऊर्जालाई जोडेर नेतृत्व विकास गर्नुपर्छ। काम गरेर, सिकेर, जिम्मेवारी लिएर नेतृत्व विकास हुन्छ,' उनले भनेका छन्।

पार्टी र आन्दोलनले बाटो नै बिराएका वेला, गम्भीर विभाजन भएका वेला मात्र तीनपटक पुनर्गठन भएको इतिहासको दृष्टान्त प्रस्तुत गर्दै ओलीले अहिले उठाइएको मुद्दा खण्डन गरेका छन्। २०१७ सालको कूपछि तत्कालीन महासचिव केशरजंग रायमाझीले बाटो बिराउँदा पहिलोपटक, २०२८ सालमा झापा विद्रोहमार्फत कम्युनिस्ट आन्दोलनलाई नयाँ उचाइमा अगाडि बढाउने तयारी अघि बढ्दा दोस्रोपटक र ०७५मा एकीकृत कम्युनिस्ट पार्टीमा ०७७ मै विभाजन आउँदा तेस्रोपटक पुनर्गठन गरिएकाले अहिले त्यस्तो अवस्था नरहेको उनको भनाइ छ।

'पार्टी पुनर्गठन कुनै रहर वा लहडको विषय होइन, तीनपटक पुनर्गठनको इतिहास व्याख्या गर्दै ओलीले भनेका छन्, 'यी र यस्ता परिस्थितिमा चालिएका बाध्यकारी र आन्दोलनका जीवनमा सकारात्मक प्रभाव पार्ने संगठनात्मक ठुला कदमलाई पुनर्गठन भनिन्छ। यति वेला चले-चलाइएको पुनर्गठनको हल्लाले शब्दार्थ वा भावार्थ केही पनि बोक्दैन र औचित्य, आवश्यकता र समय सन्दर्भसँग पनि बिल्कुल मेल खाँदैन।'

ओलीले पार्टीभित्र उठेको रूपान्तरण, हस्तान्तरण र पुस्तान्तरणको मुद्दाप्रति पनि पार्टीपंक्तिमा सही बुझाइ नभएको भन्दै प्रतिवेदनमा खण्डन गरेका छन्। 'रूपान्तरण भनेको इतिहास मेट्नु होइन। पार्टीको संघर्ष, विचार, वलिदान र संगठनात्मक परम्परालाई अस्वीकार र अपमान गर्नु होइन। रूपान्तरण भनेको कार्यशैली बदल्नु हो, जनतासँग बोल्ने भाषा बदल्नु हो। निर्णय प्रक्रिया छरितो बनाउनु हो,' ओलीले प्रतिवेदनमा लेखेका छन्, 'नेतृत्वलाई आदेश दिने तहबाट सुन्ने, बुझ्ने र परिणाम दिने तहमा बदल्नु हो। पुरानो रुखमा नयाँ पालुवा ल्याउन जरा काटिँदैन। जरालाई पोषण दिएर नयाँ पालुवा हुर्काइन्छ। एमालेको इतिहास जरा हो, नयाँ पुस्ता पालुवा हो।'

त्यस्तै, ओलीले नेतृत्व हस्तान्तरण संस्थागत तयारीसहितको प्रक्रिया भएकाले अन्यथा रिक्तता पैदा हुने जिकिर पनि गरेका छन्। 'हस्तान्तरण पद खाली गर्ने आकस्मिक र मनमौजी घटना होइन। जिम्मेवारी, ज्ञान, अनुभव, संस्था, राजनीतिक संस्कृति र निर्णय क्षमताको योजनाबद्ध हस्तान्तरण हो। संस्थागत तयारीविनाको हस्तान्तरणले रिक्तता पैदा गर्न सक्छ,' ओलीको लेखेका छन्।

त्यस्तै, ओलीले पुस्तान्तरणलाई पनि उमेरको अंकगणितमा नभएर योग्यतामा खोजिनुपर्ने बताएका छन्। 'पुस्तान्तरण उमेरको अंकगणित मात्र होइन। नयाँ पुस्तालाई जिम्मेवारी, प्रशिक्षण, अनुभव, अवसर र निर्णयमा स्थान दिने प्रक्रिया हो। उमेर कम हुनु आफैँमा योग्यता होइन, उमेर बढी हुनु आफैँमा अयोग्यता होइन। ऊर्जा र अनुभवको संयोजन आवश्यक हुन्छ,' ओलीले भनेका छन्।

उनले अरू पार्टीको नेतृत्व परिर्वतन र कम्युनिस्ट पार्टीको नेतृत्व परिवर्तनको विषय एउटै नभएको भन्दै प्रतिवेदनमा आफ्नो भूमिकाको औचित्य पुष्टि गर्ने प्रयास गरेका छन्। 'यथास्थितिवादी पार्टीहरू र परिवर्तनकारी पार्टीहरूमा नेतृत्वको प्रश्न एउटै र उस्तै होइन। यथास्थितिवादी पार्टीहरूका लागि नेतृत्वको प्रश्न मूलतः व्यवस्थापकीय प्रश्न हो, किनभने उनीहरूले सचेततापूर्वक आन्दोलनको नेतृत्व गर्नुपर्दैन। तर, एउटा क्रान्तिकारी पार्टीको नेतृत्व भने केवल सांगठनिक विषय नभएर वैचारिक विषय पनि हो,' ओलीले लेखेका छन्।

ओलीले आफ्ना कमजोरीबारे आलोचना हुनु स्वाभाविक भए पनि चरित्रहत्या स्वीकार्य नहुने चेतावनी दिएका छन्। 'ममाथि आलोचना हुनु अस्वाभाविक होइन। सार्वजनिक जीवनमा रहेको व्यक्ति प्रश्नबाट भाग्न मिल्दैन। अध्यक्षले अझ कठोर आलोचना सुन्नुपर्छ,' ओलीले भनेका छन्, 'म पार्टीभित्रका कमरेडहरूलाई भन्छु, अध्यक्षको आलोचना गर्नुहोस्। नीति गलत छ भने भन्नुहोस्। निर्णय प्रक्रियामा सुधार गर्नुपर्छ भने भन्नुहोस्। कार्यशैली, उम्मेदवार छनोट, संगठन र प्रचारबारे निर्भीक समीक्षा गर्नुहोस्। आलोचना र चरित्रहत्या एउटै कुरा होइनन्। विरोधी सञ्चालित चरित्रहत्यामा जानी वा नजानी स्वरमा स्वर मिलाएर पार्टीभित्र ल्याउनुहुँदैन।'

सिंहदरबारको...

पृष्ठ १ बाट क्रमशः

बढ्दो मागअनुसार केन्द्रको क्षमता विस्तार हुन नसक्दा कर्मचारीले गर्भावस्थादेखि नै आफ्ना सन्तानका लागि नाम टिपाउनुपर्ने अवस्था छ। केन्द्रमा आफ्ना छोराछोरी भर्नाका लागि मासिक १५-२० जना कर्मचारी आउने गर्छन्। लामो समय पालो कुर्दा पनि कतिपय कर्मचारीले आफ्ना सन्तान भर्ना गर्न नपाई फर्किनुपर्छ भने केहीले सात-आठ महिनासम्म पालो कुर्नुपर्ने अवस्था रहेको घिमिरेले बताइन्।

उनका अनुसार सीमित ठाउँमा बालबालिका राख्नुपर्ने भएकाले क्षमताभन्दा बढी भर्ना गर्दा हेरचाह र भौतिक स्थान दुवैमा समस्या पर्न सक्छ। 'हामीकहाँ ठाउँ सीमित छ। जति बालबालिका राखेका छौँ, सबैलाई व्यवस्थित रूपमा हेरचाह गरिरहेका छौँ। क्षमताभन्दा बढी राख्दा हेरचाह र ठाउँ दुवैमा समस्या हुन सक्छ,' घिमिरेले भनिन्, 'केन्द्रको क्षमता विस्तारका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग समन्वय भइरहेको छ।'

केन्द्रमा हाल १७ महिनादेखि तीन वर्षसम्मका शिशुको संख्या धेरै छ। हाल पर्खाइमा बसिरहेका पनि सोही उमेर समूहका धेरै रहेको व्यवस्थापक घिमिरेको भनाइ छ।

सिंहदरबारमा कार्यरत कर्मचारीको काममा अवरोध नहोस् भन्ने उद्देश्यले २३ माघ ०६७ देखि केन्द्रको स्थापना गरिएको हो। स्थापना कालमा तत्कालीन महिला मन्त्रालयसँगैको टहरामा ३६ जना शिशु राख्न मिल्ने 'स्पेस' निर्माण केन्द्र सञ्चालनमा ल्याइएको थियो। तर, ०७४ मा पुनर्निर्माण प्राधिकरणले श्रम मन्त्रालयअन्तर्गतको भवनको स्याहार केन्द्रलाई जिम्मा दिएपछि यसको क्षमता विस्तार गरिएको थियो। त्यसपछि केन्द्रमा ९५ जना शिशुलाई राख्ने व्यवस्था गरिएको हो।

गर्भवती हुँदादेखि नै लेखाउँछन् नाम

शिशु स्याहार केन्द्रमा पालो नपाउने डरले कतिपय कर्मचारीले गर्भवती अवस्थादेखि नै नाम लेखाउने गरेका छन्। केन्द्रकी सहव्यवस्थापक जेबी कुसुमका अनुसार नाम लेखाएको करिब ७-८ महिनापछि मात्रै पालो आउने अवस्था छ। 'यहाँ धेरै कर्मचारीले आफ्ना शिशुलाई राख्न खोज्नुहुन्छ। कतिपयले गर्भवती हुँदादेखि नै नाम लेखाउनुहुन्छ,' उनले भनिन्। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सूचना अधिकारी वसन्त भट्टराई पनि दुई महिनादेखि पालो कुरिरहेका छन्। 'मैले पनि पालो कुरेर बसिरहेको छु, त्यहाँ सीमित क्षमता छ, बालबालिकालाई कोचाकोच पनि राख्न भएन, विस्तारै पालो आउला,' उनले भने।

तीन महिनादेखि तीन वर्षसम्मका शिशु राख्ने व्यवस्था

केन्द्रमा तीन महिनादेखि तीन वर्षसम्मका शिशुलाई राख्ने व्यवस्था गरिएको छ। हाल यहाँ सिंहदरबारभित्र कार्यरत निजामती कर्मचारीका बालबालिका बढी छन्। सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, सरकारी वकिलको कार्यालयलगायतका निकायमा कार्यरत निजामती कर्मचारीका बालबालिका पनि केन्द्रमा राख्ने गरिएको छ। बालबालिका भर्ना गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सिफारिस र निजामती कर्मचारीको परिचयपत्र आवश्यक पर्छ। शिशुलाई दुध खुवाउन दिउँसो १ बजे आमा केन्द्रमा आउने गरेका छन्।

राष्ट्रिय महिला आयोगका अनुसार सिंहदरबारभित्र करार र स्थायी गरी २१ सय ५० हाराहारी छ। सिंहदरबारबाहिरका नजिकका कार्यालयमा करिब तीन सय महिला छन्।

नेपाल टेलिभिजनको लेखा शाखामा कार्यरत निशा भण्डारीले आफ्नो १० महिनाको शिशुलाई केन्द्रमा ठाउँ पाएपछि काम गर्न सहज भएको बताइन्। 'बच्चालाई पाल्न घर बस्दा धेरै दिन बिदा लिनुपर्ने अवस्था थियो। यहाँ राखेपछि सहज भएको छ। समय-समयमा दुध खुवाउन आउँछु र अरू समय केयर सेन्टरमै हुन्छ,' उनले भनिन्।

केन्द्रमा बालबालिकाको हेरचाह कसरी गरिन्छ ?

शिशु स्याहार केन्द्रमा बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म बालबालिकाको रेखदेख गरिन्छ। हाल केन्द्रमा कार्यालय सहयोगीबराबर सुविधा दिएर १७ जना महिला हेरचाहकर्ता र अधिकृत तहको सुविधामा तीनजना (व्यवस्थापक, सहव्यवस्थापक र लेखा अधिकृत) छन्।

उनीहरूले बालबालिकाको खानपान, सुताइ, खेल तथा उमेरअनुसारका गतिविधिमा ध्यान दिने गरेका छन्। केन्द्रमा बालबालिकालाई दैनिक तीनपटकसम्म खानेकुरा दिइन्छ। दिउँसो सुताउने र केही समय उमेरअनुसार खेल तथा मनोरञ्जन गराउने गरिएको छ। 'यहाँ सबै खानेकुरा स्वस्थ हुन्छ, सरसफाइ पनि व्यवस्थित गरेका छौँ,' व्यवस्थापक घिमिरेले भनिन्, 'तालिकाअनुसार बालबालिकालाई खानेकुरा खुवाउँछौँ र उनीहरूको पोषणमा विशेष ध्यान दिन्छौँ।'

बालबालिका राख्न केन्द्रमा १० वटा कोठा छन्। कोठामा झोलुंगे, बिस्तारा तथा खेल्ने सामग्री राखिएका छन्। बालबालिकालाई उमेरअनुसार छुट्टाछुट्टै राख्ने गरिएको छ। चार महिनादेखि एक वर्षसम्म, एक वर्षदेखि १७ महिनासम्म, १८ महिनादेखि दुई वर्षसम्म र दुई वर्षदेखि तीन वर्षसम्मका बालबालिकालाई छुट्टाछुट्टै राखिन्छ। यसले उमेरअनुसार खेलाउन, खुवाउन र हेरचाह गर्न सहज भएको केन्द्रको भनाइ छ। 'यहाँ बच्चालाई राख्ने मात्र होइन, उमेरअनुसारको सिकाइमा पनि ध्यान दिन्छौँ। विशेष गरी स्कुल पठाउनुपूर्वको सिकाइमा ध्यान दिन्छौँ,' घिमिरेले भनिन्, 'मानसिक र शारीरिक विकासलाई ध्यान दिएर पोसिलो खानेकुरादेखि हेरचाहसम्म राम्रोसँग गरिरहेका छौँ।'

केन्द्र स्थापना कालदेखि नै सिसिटिभीको निगरानीमा समेत रहँदै आएको छ। बालबालिका भर्ना गर्दा मासिक दुई हजार सात सय रुपैयाँ शुल्क लिइन्छ। आवश्यक खानेकुरा केन्द्रले उपलब्ध गराउने भए पनि डाइपर तथा लगाउने अन्य सामग्री भने अभिभावकले नै व्यवस्था गर्नुपर्छ।

बालबालिका भर्ना गर्न सांसदको पनि दबाब

सीमित क्षमताको केन्द्रमा आफ्ना बालबालिका भर्ना गरिदिन सांसदहरूले समेत दबाब दिने गरेका छन्। 'भर्ना गर्नका लागि सांसददेखि धेरै कर्मचारीहरूले अनुरोध पनि गर्नुहुन्छ, तर हामीले थेग्न सक्ने जति बालबालिका मात्रै भर्ना गर्न सक्छौँ,' घिमिरेले भनिन्, 'यदि संसद् सचिवालय क्षेत्रमा पनि यसरी स्याहार केन्द्र सञ्चालन गरिएको भए अभिभावकलाई सहज हुने थियो।' तर, संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले शिशु स्याहार केन्द्र कर्मचारीकै सुविधाका लागि खोलिएको र कार्यविधिअनुसार नै शिशु राख्नुपर्ने बताए। उनका अनुसार पुरानो संसद् भवनमा शिशुहरूको हेरचाह गर्न मिल्ने छुट्टै कक्ष थियो। तर, भवन भत्किएपछि त्यस्तो सुविधा उपलब्ध हुन सकेन। 'नयाँ भवनमा पनि शिशु स्याहार केन्द्र र स्तनपान कक्ष बनाउने योजना छ। तर, नयाँ भवन हामीलाई हस्तान्तरण भएपछि मात्र त्यसलाई सञ्चालनमा ल्याउन सम्भव हुन्छ,' गिरीले भने। उनका अनुसार सांसदहरूले समेत नयाँ संसद् भवनमा यस्ता सुविधा निर्माण गर्न माग गरेका छन्।

क्षमता बढाउन ८७ लाखको स्टिमेट, बजेट नहुँदा काम रोकियो

शिशु स्याहार केन्द्रको क्षमता विस्तारका लागि गत वर्ष नै ८७ लाख रुपैयाँको स्टिमेट तयार गरिएको थियो। तर, बजेट व्यवस्थापन हुन नसक्दा अहिलेसम्म काम अघि बढ्न सकेको छैन। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको बाल संरक्षण शाखा प्रमुख दुर्गाप्रसाद चालिसेले क्षमता विस्तारका लागि तयार गरिएको स्टिमेटअनुसार मन्त्रालयलाई जानकारी गराइएको बताए। हाल ९५ जना बालबालिका अट्ने केन्द्रमा थप १०० जना अट्ने गरी पूर्वाधार निर्माण गर्ने योजना रहेको उनले बताए। उनका अनुसार तयार गरिएको स्टिमेटमा फर्निचर तथा आवश्यक सामग्रीको लागतसमेत समावेश गरिएको छ। क्षमता विस्तारपछि थप १७ देखि २० जना हेरचाहकर्ता आवश्यक पर्ने भएकाले त्यसको व्यवस्थापनसमेत स्टिमेटमा समेटिएको छ।

भ्रष्टाचार...

पृष्ठ १ बाट क्रमशः

जग्गा छाडिदिन सक्नेछ।' उक्त अवधिभित्र रकम दाखिला नगरेमा भने लिलाम प्रक्रिया अघि बढाउने। यसअघि सम्बन्धित जग्गाधनीले पनि लिलामबाटै लिनुपर्ने प्रावधान थियो। कतिपय सम्पत्तिमध्ये आधा मात्र जफत हुने फैसला भएकोमा त्यसको कार्यान्वयन पनि समस्या देखिएको थियो। त्यसलाई पनि नियमावलीले स्पष्ट बनाएको छ। जसअनुसार यस्तो सम्पत्ति पनि मूल्यांकन गरी सम्बन्धित धनीले नै खरिद गर्न पाउनेछन्।

कांग्रेसका दिवंगत नेता खुमबहादुर खड्काकै सम्पत्ति यही विवादका कारण जफत हुन सकेको छैन। उनको कित्ता नम्बर १०७ को एक रोपनी ६ आना र कित्ता नम्बर एक सय ८६ को एक आना एक पैसा जग्गामध्ये धरजग्गाको मूल्य २० लाख ५६ हजार ९८७ रुपैयाँ हुँदै पैसावारको भाग हिस्साको सम्पत्ति र सोबाट बढे-बढाएको सम्पत्ति जफत गर्नुपर्ने फैसलामा उल्लेख छ। तर, फैसलाअनुसार बढे-बढाएको सम्पत्ति जफत गर्ने भन्ने प्रस्ट कानुनी व्यवस्था नहुँदा कित्ता नम्बर १०७ मा पर्ने जग्गा भने अझै जफत हुन सकेको छैन। यसअघि रमेश लेखक गृहमन्त्री हुँदा २० लाख ५६ हजार बुझाएर जग्गाधनीलाई नै फिर्ता दिने गरी प्रक्रिया अघि बढाइएको थियो। यद्यपि, विशेष अदालतले त्यस प्रक्रियालाई रोक लगाइदियो। विवादैविवादपछि कानुन नै संशोधन गरिएको हो।

सर्न भयो...

पृष्ठ १ बाट क्रमशः

पेरिसडाँडामा बस्ने गरी बैठक बोलाइएको छ। नेकपा केन्द्रीय कार्यसंयोजन समिति ४५ सदस्यीय छ।

बैठकमा महाधिवेशन, अधिवेशनको परिमार्जित कार्यतालिकाबारे छलफल हुने प्रवक्ता प्रकाश ज्वालाले बताए। 'बाढीपहिरोलगायत विभिन्न कारणले अधिवेशन, महाधिवेशन कार्यतालिका प्रभावित भयो। पहिलेको कार्यतालिका कार्यान्वयन नभएपछि परिमार्जित कार्यतालिकाबारे बैठकमा छलफल हुन्छ,' उनले भने। सदस्यता नवीकरण, भोटेकोशी बाढीले पारेको असर, पार्टीले गरेका कामलगायतको समीक्षा पनि बैठकमा हुने भएको छ। 'बाढीप्रभावितलाई राहत, पुनर्स्थापना र पुनर्निर्माणको सवालमा के गर्ने भन्ने दिशानिर्देश बैठकले गर्नेछ। सोसम्बन्धै सरकारले गरेका गतिविधि, कामकाजको बारेमा पनि बैठकमा छलफल हुन्छ। सदन र सडक दुवै मोर्चाबाट सशक्त भूमिका खेल्ने गरी रणनीति बैठकले बनाउँछ,' ज्वालाले भने।